नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

**जल तथा मौसम विज्ञान विभाग**

# मौसम पूर्वानुमान महाशाखा

मौसम पूर्वानुमान बुलेटिन

जारी मिति: २०८३ आषाढ २७ गते (शनिबार) बिहान ०८:०० बजे

वैधताको अवधि: २०८३ आषाढ २९ गते

## मौसम विश्लेषण:

हाल देशभर मनसुनी वायूको प्रभाव रहेको छ। हाल मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा केही माथि नेपालको दक्षिणी भू-भाग नजिक रहेको छ।

## हाल मौसमको अवस्था:

देशभर अधिकांश बादल लागेको छ । कोशी, बागमती,गण्डकी र लुम्बिनी प्रदेशको थोरै स्थानमा तथा मधेश, कर्णाली र सुदुरपश्चिमको एक-दुई स्थानमा हल्का देखि मध्यम वर्षा भैरहेको छ।



# न्यूनतम तापक्रम




# अधिकतम तापक्रम



## चेतावनी तथा परामर्श :

जारी मिति: २०८३ आषाढ २७ गते (शनिबार) बिहान ०२:१५ बजे

## समय अवधि: २०८३ आषाढ २७ गते (शनिबार)




## समय अवधि: २०८३ आषाढ २८ गते (आइतबार)



## समय अवधि: २०८३ आषाढ २९ गते (सोमबार)




---

*(पुनश्च : मौसम पूर्वानुमान बुलेटिन नियमित रूपमा प्रत्येक दिन बिहान ८ बजे र साँझ ६ बजे अद्यावधिक गरिन्छ। साथै तराईको हुस्सु/कुहिरो/शीतलहर बुलेटिन हिउँदभर प्रत्येक दिन बिहान ९:३० बजे अद्यावधिक गरिन्छ ।)*

हाल मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा केही माथि रहेको छ र आगामी दिनमा यो बिस्तारै नेपाल नजिकिँदै जाने सम्भावना रहेको छ। यस कारण मनसुन सक्रिय भई देशभर भारीदेखि धेरै भारी वर्षा हुन सक्ने तथा विपद्का घटनाहरू बढ्न सक्ने जोखिम रहेकोले कृपया आवश्यक सावधानी अपनाउनुहुन र विभागको पछिल्लो सूचनामा अद्यावधिक रहनुहुन अनुरोध छ ।

नोट: मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावलीबारे बुझ्न **यहाँ थिच्नुहोला** र मौसम पूर्वानुमानमा प्रयोग हुने आइकनहरूको लागि **यहाँ थिच्नुहोला ।**

# २०८३ आषाढ २७ गते (शनिबार)

## दिउँसो




## राती




# २०८३ आषाढ २८ गते (आइतबार)

## दिउँसो

## राती

# २०८३ आषाढ २९ गते (सोमबार)

## दिउँसो

## राती

राष्ट्रिय पूर्वानुमान | प्रादेशिक पूर्वानुमान

**२०८३ असार २७ गते (शनिबार)**

**दिउँसो:** देशभर अधिकांश बादल लाग्नेछ। देशका हिमाली भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। देशका पहाडी भू-भागका धेरै स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षाको सम्भावना छ। देशका तराई भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षाको सम्भावना छ। कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशको पहाडी भू-भाग साथै लुम्बिनी र सुदूरपश्चिम प्रदेशको पहाडी र तराई भू-भाग तथा मधेश प्रदेको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ ।

**राति:** देशभर साधारणतया बादल लाग्नेछ। कोशी, बागमती, गण्डकी प्रदेशका हिमाली भू-भागका केही स्थान तथा लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशको हिमाली भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको पहाडी र तराई भू-भागको धेरै स्थानमा तथा मधेश प्रदेश, कर्णाली प्रदेशको पहाडी र सुदुरपश्चिम प्रदेशको पहाडी र तराई भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। गण्डकी र लुम्बिनी प्रदेशको पहाडी भू-भागको थोरै स्थानमा तथा तराई भू-भागका एक-दुई स्थानमा र कोशी प्रदेशको पहाडी भू-भागको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ ।

**२०८३ असार २८ गते (आईतबार)**

**दिउँसो:** देशभर अधिकांश बादल लाग्नेछ। देशका हिमाली भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। देशका पहाडी भू-भागका धेरै स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। मधेश प्रदेश तथा कोशी, बागमती, गण्डकी प्रदेशका तराई भू-भागका धेरै स्थानमा तथा लुम्बिनी र सुदुरपश्चिम प्रदेश तराई भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षाको सम्भावना छ। कोशी प्रदेशको पहाडी भू-भागको थोरै स्थान,मधेश प्रदेश तथा बागमती, गण्डकी, लुम्बिनी प्रदेशको पहाडी भू-भागको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ ।

**राति:** कोशी,मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा अधिकांश बादल लाग्नेछ र कर्णाली र सुदुरपश्चिम प्रदेशमा साधारणतया बादल लाग्नेछ। कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भू-भागका केही र बाँकी हिमाली भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी र तराई भू-भागका घेरै स्थानमा, लुम्बिनी प्रदेशको पहाडी र तराई भू-भागका केही स्थानमा तथा कर्णाली प्रदेशको पहाडी र सुदुरपश्चिम प्रदेशका पहाडी र तराई भू-भागका थोरै मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षाको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भू-भागको थोरै स्थानमा तथा मधेश प्रदेश लगायत गण्डकी प्रदेशको तराई र लुम्बिनी प्रदेशको पहाडी र तराई भू-भागको एक-दुई स्थानमा भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको छ ।

**२०८३ असार २९ गते (सोमबार)**

**दिउँसो:** कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा अधिकांश बादल लाग्नेछ र कर्णाली र सुदुरपश्चिम प्रदेशमा साधारणतया बादल लाग्नेछ। कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भू-भागका केही र बाँकी हिमाली भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी र तराई भू-भागका घेरै स्थानमा, मधेश प्रदेश तथा लुम्बिनी र सुदुरपश्चिम प्रदेशको पहाडी र तराई , कर्णाली प्रदेशको पहाडी भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षाको सम्भावना छ। कोशी प्रदेशको पहाडी भू-भागको थोरै स्थान, मधेश प्रदेश तथा बागमती, गण्डकी, लुम्बिनी प्रदेशको पहाडी भू-भागको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ ।

**राति:** कोशी,मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा अधिकांश बादल लाग्नेछ र कर्णाली र सुदुरपश्चिम प्रदेशमा साधारणतया बादल लाग्नेछ। कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भू-भागका केही र बाँकी हिमाली भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। मधेश प्रदेश तथा कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी र तराई भू-भागका घेरै स्थानमा, लुम्बिनी प्रदेशको पहाडी र तराई भू-भागका केही स्थानमा तथा कर्णाली प्रदेशको पहाडी र सुदुरपश्चिम प्रदेशका पहाडी र तराई भू-भागका थोरै मेघगर्जन/चट्याङ्ग सहित मध्यमसम्मको वर्षाको सम्भावना छ। कोशी र बागमती प्रदेशको पहाडी र तराई भू-भाग तथा मधेश प्रदेशको थोरै स्थानमा भारी देखि धेरै भारी वर्षा साथै गण्डकी र लुम्बिनी प्रदेशको पहाडी र तराई भू-भागको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

**मौसम सम्बन्धि थप जानकारीका लागि सम्पर्क राखुहोला**

मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग
बबरमहल, काठमाडौं
फोन: ११५५
Facebook: www.facebook.com/dhmweather
Twitter: www.twitter.com/dhm_weather